नेपाली राजदूतावास, मस्को
Embassy of Nepal
Moscow

# प्रेस विज्ञप्ति

नेपालको सातौं संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा रूसी महासंघमा रहनुभएका गैर आवासीय नेपाली समुदाय एवं विद्यार्थी प्रतिनिधिको उपस्थितिमा नेपाली राजदूतावास मस्को परिसरमा एक संक्षिप्त कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रमको अवसरमा यस नियोगका कार्यवाहक राजदूतज्यूले रूसी महासंघ सहित बेलारूस, मोल्डोभा, कजाकस्तान, अर्मेनिया र अजरवैजानमा बस्नुहुने समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा संविधान दिवस एवं राष्ट्रिय दिवसको शुभकामना व्यक्त गर्नुभयो। सोहि अवसरमा उपस्थित महानुभावहरूले अधिकारसम्पन्न वर्तमान संविधानको सफल कार्यान्वयनद्वारा देशलाई थप समृद्ध बनाउन सकिने विचार व्यक्त गर्नुभयो। उक्त कार्यक्रम कोभिड-१९ सम्बन्धी स्थानीय स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी आयोजना गरिएको थियो।

२०७८ असोज ३ गते (सेप्टेम्वर २०, २०२१)

2nd Neopalimovsky Perulok, 14/7, Moscow, Tel.: +7 499 252 8215, Fax: 499 252 8000
E-mail: moscow@mofa.gov.np, Website: www.nepalembassyrus.ru